नेपाल सरकार
स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

धादिङ

पत्र संख्या : ०६७/ ०६८ मिति : २०६८/३/२८

चलानी नम्बर : 2030

**विषय: बैठकको निर्णय प्रतिलिपी पठाइएको वारे ।**

श्री ..........................................

..........................................

उपरोक्त सम्बन्धमा जिल्ला विकास समिति सर्वदलीय संयन्त्रको मिति २०६८ असार १९ र २८ गते बसेको कार्यसंचालन सर्वदलीय संयन्त्रको बैठकबाट देहाय वमोजिमको निर्णय भएको हुदां निर्णयको प्रतिलिपी यसै साथ संलग्नराखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**मिति २०६८/३/१९ गतेको निर्णय**

**निणर्य नं. १**

ढुङगा गिट्टी वालुवाको ठेक्का सम्वन्धमा जिल्ला विकास समितिको मिति २०६८/२/२४ गते वसेको वैठकको निर्णय अनुसार रु ९,३१,५०,००० न्यूनतम अंक कायमगरी मिति २०६८/२/२५ र २०६८/३/१० मा गरी दुईपटक सूचना प्रकाशित गर्दा पनि कुनैपनि फर्म कम्पनी वा व्यवसायीहरुबाट बोलपत्र दर्ता हुन नआएकोले मिति २०६८/३/१९ गते राजश्व परामर्श समितिको पून वैठक बसी बैठकवाट भएको सिफारिश अनुसार ढुङगा गिट्टी बालुवामा ८,५०,५०,०००। र छत्रेदेउराली गा.वि.स. बाट निकासी हुने ढुङगा गिट्टी रु २८,३५,०००। कायम गरी ७ दिने सूचना प्रकाशित गरी ठेक्का वन्दोवस्त गर्ने निर्णय गरियो ।

**मिति २०६८/३/२८ गतेको निर्णय**

**निणर्य नं. १**

आ.ब. २०६८/६९ को लागि ढुङगा गिट्टी वालुवामा निकासी कर तथा बिक्री शुल्क उठाउनको लागि ई-विडिङ मार्फत समेत वोलपत्र दर्ता गराउन पाउने गरी छैठौं पटक मिति २०६८/३/२० गते गोरखापत्र दैनिकमा न्युनतम अंक रु ८,५०,५०,००० कायम गरी वोलपत्र आव्हानको सूचना प्रकाशित अनुसार मिति २०६८/३/२७ गते १२ वजे सम्म इ-विडिङ मार्फत २

वटा बोलपत्र दर्ता हुन आएकोले र अंक वोलपत्र मध्ये सुनौला खिम्ती कन्स्ट्रक्सन प्रा.ली. को वोलपत्रको कवोल अंक रु ९,०५,५५,५५५।५५ (नौ कडोर पांच लाख पचपन्न हजार पांचसय पचपन्न रुपैया पचपन्न पैसा ) भएकोले न्यूनतम अंक भन्दा रु ५५,०५,५५५।५५ बढी कवोल गरेको हुदा श्री सुनौला खिम्ती कन्स्ट्रक्सनले कवोल गरेको अंक रु ९,०५,५५,५५५।५५ (नौ कडोर पांच लाख पचपन्न हजार पांचसय पचपन्न रुपैया पचपन्न पैसा ) को वोलपत्र स्वीकृत गर्न वोलपत्र मूल्याङकन समितिबाट सिफारिश भई आएकोले उक्त वोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २</u>

आ.व. ०६८/६९ मा छत्रेदेउराली गा.वि.स.को खानीबाट निकासी हुने ढुङगामा छैठौं पटक रु २८,३५,०००। मा गोरखा पत्र दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा कुनै पनि फर्म कम्पनी तथा व्यवसयीबाट वोलपत्र दर्ता हुन नआएकोले राजस्व परामर्श समितिको सिफारिश अनुसार २५,००,०००। (पच्चिस लाख ) न्यूनतम अंक कायम गरी ७ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

योजना तथा प्रशासकीय अधिकृत